नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
शिक्षा तथा मानव स्रोत विकास केन्द्र
# शिक्षा विकास तथा समन्वय इकाइ
घोराही, दाङ

☎०८२-५६०००९
☎०८२-५६२२१०
Email:deoghorahi@gmail.com

पत्र सङ्ख्या :-
चलानी नं. :-

मितिः २०८२/१२/१८

## माध्यमिक शिक्षा परीक्षा (SEE), २०८२ सम्बन्धमा जारी अपिल !

२०८२ साल चैत्र १९ गते बिहीबार बिहान ८:०० बजेदेखि ११:०० बजेसम्म सञ्चालन हुने २०८२ सालको माध्यमिक शिक्षा परीक्षा (SEE) मा दाङ जिल्लामा ११६ सामुदायिक तथा १४४ संस्थागत गरी २६० माध्यमिक विद्यालयका (प्राविधिक धार र खुला विद्यालयसमेत) नियमित र ग्रेडवृद्धि गरी जम्मा १३,९९८ जना परीक्षार्थीहरु ४४ वटा परीक्षा केन्द्रबाट सहभागी हुँदैछन् । कुल परीक्षार्थीहरुमा ११ प्राविधिक विद्यालयका ३३३ जना नियमित प्राविधिक धार तर्फका सहभागी हुनेछन् ।

माध्यमिक शिक्षा परीक्षालाई व्यवस्थित, मर्यादित, निष्पक्ष, भयरहित, र शान्तिपूर्ण वातावरणमा सञ्चालन गर्न ४४ वटै परीक्षा केन्द्रका केन्द्राध्यक्षहरुलाई अभिमुखीकरण कार्यक्रमसमेत सम्पन्न गरी प्रश्नपत्र, उत्तरपुस्तिका, लगायत परीक्षासँग सम्बन्धित सामग्रीहरु नजिकैको सुरक्षा निकाय र परीक्षा केन्द्रमा पुर्याउनेजस्ता तयारीसम्बन्धी सम्पूर्ण कार्य सम्पन्न भइसकेको छ ।

परीक्षा एउटा नियमित प्रक्रिया भएको र यस तहको परीक्षासम्म आइपुग्दासम्म धेरै परीक्षाहरुमा सहभागी भईसकेकोले यस परीक्षालाई डर र त्रासका रुपमा नलिई आफूले सिकेका कुरा व्यवस्थित ढङ्गले प्रस्तुत गर्न विद्यार्थीहरु तयार हुनुहुन्छ भन्नेमा शिक्षा विकास तथा समन्वय इकाइ, दाङ विश्वस्त छ ।

राष्ट्रिय परीक्षा बोर्ड, परीक्षा नियन्त्रण कार्यालय कक्षा १० द्वारा सञ्चालन हुने यस परीक्षालाई स्वच्छ, व्यवस्थित, मर्यादित, भयरहित र शान्तिपूर्ण वातावरणमा सञ्चालन गरी परीक्षाको मर्यादा विपरितका गतिविधिहरु नगर्न/नगराउन परीक्षासँग प्रत्यक्ष र परोक्षरुपमा संलग्न सबै सरोकारवालाहरु (दश वटै स्थानीय तह, सम्पूर्ण अभिभावक, विद्यार्थी, सम्वन्धित विद्यालयका प्रधानाध्यापक, शिक्षक, कर्मचारी, सुरक्षाकर्मी, सञ्चारकर्मी, बुद्धिजिवी, समाजसेवी, शिक्षाप्रेमी, राजनीतिकर्मी, गैरसरकारी संघसंस्था लगायत) बाट महत्वपूर्ण समन्वय र आवश्यक सहजीकरणका लागि जिल्ला परीक्षा समन्वय समिति, दाङ तथा शिक्षा विकास तथा समन्वय इकाइ, दाङ हार्दिक अपिल गर्दछ ।

१८/१२

.....................
देवमणि चौधरी
इकाइ प्रमुख
इकाइ प्रमुख
(उपसचिव)

CamScanner